शहिद लखन गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः २ संख्याः ३ २०७५ साल कार्तिक १५ गते

भाग – २

शहिद लखन गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी शहिद लखन गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्बत् २०७५ को कार्यविधि नं. ४

भूकम्प पिडित सहयोग घुम्तिकोष सञ्चालन कार्यविधि, २०७५

पृष्ठभूमिः-

गोरखा जिल्ला शहिद लखन गाउँपालिका द्वारा सञ्चालित यस भूकम्प पिडित सहयोग घुम्तिकोषलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्न निम्न कार्यविधि अवलम्बन गरिने छ । शहिद लखन गाउँपालिका भित्रका भूकम्प पछि घर पुननिर्माण गर्न प्रथम किस्ताको रकम रु ५०,०००।- बुझि आर्थिक तथा मानविय श्रोतको समस्याले गर्दा घर निर्माण सुरु गर्न नसकेका अति विपन्न दलित, अपाङ्ग, असहाय एवं एकल महिला आदिलाई दोश्रो किस्ता बापतको रकम प्राप्त नहुँदा सम्म सापटी स्वरुप गाउँपालिकाले रु १,००,०००/-(एक लाख रुपैयाँ) रकम उपलब्ध गराउने र सो

लाभग्राहीले दोश्रो किस्ता प्राप्त भएपछि भुक्तानी गर्ने गरी बिना व्याज सहयोग गरिनेछ ।

संक्षिप्त नाम र प्रारम्भः

यस कोषको नाम भूकम्प पिडित सहयोग घुम्तिकोष नामाकरण गरिएको छ । यो कार्यविधि आ.व. २०७५/०७६बाट लागु हुनेछ ।

उद्धेश्यः

मानव तथा आर्थिक श्रोत नभएका अति विपन्न दलित, अपाङ्ग, असहाय तथा संकटापन्न घरधुरीहरुलाई घर पुर्ननिर्माण गर्न सहज बनाउन रकम सापटी दिने उद्देश्य रहेको छ ।

कोष सञ्चालन कार्यविधि -२०७५

१) यो कोषमा शहिद लखन गाउँपालिकाबाट रु.९,००,०००/-(नौ लाख रुपैयाँ) उपलब्ध गराइनेछ ।

२) यस कोषको नियन्त्रण तथा रेखदेख गर्ने जिम्मेवारी शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयको हुनेछ ।

३) यो कोषको रकम वडा सचिवलाई गाउँ कार्यपालिका कार्यालयबाट पेश्की स्वरुप उपलब्ध गराइनेछ ।

४) यस कोष मार्फत रकम उपलब्ध गराउने सम्बन्धमा निजी आवास पुनर्निर्माण सम्बन्धी वडा स्तरीय गुनासो व्यवस्थापन समितिले निर्णय गरी लाभग्राहीलाई १ लाख सापटी उपलब्ध गराउनेछ ।

५) रकम माग गर्ने व्यक्तिले घर बनाउन सुरु गरेको हुनुपर्नेछ ।

६) घर भुकम्प प्रतिरोधी एवं मापदण्ड अनुसार बनाउनु पर्नेछ ।

७) यो घुम्तिकोष भएकोले पहिलो लाभग्राहीबाट फिर्ता आएको रकम अन्य व्यक्तिलाई वडा स्तरीय गुनासो व्यवस्थापन समितिको निर्णयको आधारमा सापटी स्वरुप प्रदान गरिनेछ ।

८) रकम प्राप्त गर्ने व्यक्तिको दोश्रो किस्ता प्राप्त भएपछि यस कोषमा रकम फिर्ता नगरेमा सरकारी बाँकी सरह असुल उपर गरीनेछ ।

९) अति विपन्न, अशक्त बृद्धबृद्धा, एकल महिला तथा विपन्न दलित भुकम्प पिडितहरुलाई घुम्तीकोष सञ्चालन कार्यक्रमका लागि प्राथिमकतामा राखिनेछ ।

१०) घुम्तिकोषबाट प्राप्त रकम लाभग्राहीहरुले आफ्नो घर डी.पी.सी. ढलान गरेर दोश्रो किस्ता प्राप्त गरेको ३ दिनभित्र वडा कार्यालयमा फिर्ता गर्नुपर्ने छ ।

११) यदि सापटी लिएको व्यक्तिले दोश्रो किस्ता प्राप्त भएपछि कोषमा रकम फिर्ता नगरेमा निजको तेश्रो किस्ताको सिफारिस गरिने छैन ।

१२) यसरी कोषको रकम लिने लाभग्राहीको खाताको दोश्रो किस्ता रकम झिक्दा वडा अध्यक्षको सिफारिस अनिवार्य गर्न बैंक सँग समन्वय गरिनेछ।

१३) कुनै कारणबस रकम फिर्ता नगरेमा वडा तथा गाउँपालिकाबाट दिने सम्पूर्ण सेवा, सुविधा, सिफारिस एवं अन्य कागजात रोक्का गरिनेछ ।

१४) लक्षित वर्गको घर बनिसकेपछि यस घम्तीकोषको रकम शहिद लखन गाउँपालिकाले तोकेको क्षेत्रमा परिचालन गरिनेछ ।

१५) यस कार्यविधिको सम्बन्धमा द्विविधा वा अन्यौलता भएमा सो को व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

१६) यस घुम्तीकोष सञ्चालन सम्बन्धि कार्यविधि आवश्यकता अनुसार संशोधन एवं परिमार्जन गर्ने अधिकार गाउँ कार्यपालिकामा हुनेछ ।

प्रमाणीकरण मितिः २०७५।०६।११

आज्ञाले,

जीवन वहादुर आले मगर

प्रमुख प्रसाशकीय अधिकृत

मूद्रणः शहिद लखन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, गोरखा जिल्ला, गण्डकी प्रदेश, नेपाल । मूल्यः रु.५ मात्र